स्थानीय राजपत्र

रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका निवृत कोष सञ्चालन कार्यविधि २०८०

**प्रकाशक**

स्थानीय सरकार

रौतामाई गाउँपालिका

उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

**रौतामाई गाउँपालिका**

**स्थानीय राजपत्र**

| **खण्ड : ०७** | **संख्या : १** | **मिति : बैशाख ५, २०८०** |
|---|---|---|

**भाग : २**

**रौतामाई गाउँपालिका**

# सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका निवृत कोष सञ्चालन कार्यविधि २०८०

**प्रस्तावना :**

नेपालको संविधानको धारा ३५ ले स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । अतः मौलिक हकको प्रत्याभूत गराउँदै ग्रामीण क्षेत्रमा आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन सामुदायिक महिला स्वास्थ्य स्वयमं सेविकाको भूमिका महत्वपूर्ण हुने गर्दछ । त्यसैले निःस्वार्थ रुपमा समुदाय स्तरमा रही महिलाको पक्षमा सूक्ष्म रुपमा संवेदनशील तरिकाले क्रियाशील भई खटिएका स्वास्थ्य स्वयम सेविका लाई निवृत्त हुँदा प्रोत्साहन स्वरुप न्युनतम आर्थिक सहयोग सहित स-सम्मान विदाई गर्ने हेतुले रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले "सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका निवृत्त कोष सञ्चालन कार्यविधि, २०८०" निर्माण गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "सामुदायिक महिला स्वाथ्य स्वयम् सेविका निवृत्त कोष सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यक्ष" भन्नाले रौतामाई गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(२) "उपाध्यक्ष" भन्नाले रौतामाई गाँउपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(३) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रौतामाई गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

## ३. महिला स्वास्थ्य स्वयम सेविकाको काम, कर्तव्य र क्षेत्राधिकार

१) परिवार नियोजनको साधन कण्डम, पिल्स आदि वितरण गर्ने,

२) आईरन चक्की गर्भवती आमाहरुलाई वितरण गर्ने,

३) समुदायका घरघरमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने,

४) हजार दिनका आमा भएका घरपरिवारको सामाजिक नक्सांकन गर्ने,

५) स्वास्थ्य संस्था र समुदायबीच संवाहकको रुपमा कार्य गर्ने,

६) पाँच वर्ष मुनिका बालबालिकाहरुलाई पोषण सेवा प्रदान गर्ने,

७) गर्भवती महिलाहरुको एकिन गर्ने र सम्बन्धित पक्षलाई अद्यावधिक गराउने,

८) गर्भ जाँच तथा बालबालिकाहरु लाई जिङ्क, जीवनजल आदि वितरण गर्ने,

९) खोप क्लिनिक र गाँउघर क्लिनिकको नियमित सञ्चालनमा सहयोग प्रदान गर्ने,

१०) मासिक वैठकमा प्रगति विवरण सहित अनिवार्य उपस्थित हुनु पर्ने,

११) विभिन्न संध संस्थासँग समन्वय गरी थप काम गर्ने उत्प्रेरित गर्ने ।

## ४. महिला स्वास्थ्य स्वयम् सेविकाको छनौट

हाल यस गाँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकालाई नै निरन्तरता दिइनेछ । रिक्त रहेको महिला स्वास्थ्य स्वयम सेविका छनौट स्वास्थ्य आमा समूहको वैठकले आवश्यक प्रक्रिया पुऱ्याई आफूहरु मध्येबाट छनौट गरी सोको निर्णयको प्रतिलिपि सम्बन्धित स्वास्थ्य संस्थामा दिनुपर्नेछ। जसका लागि देहायको योग्यता आवश्यक पर्दछ ।

(क) सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा बसोवास गरेको हुनु पर्ने ।

(ख) कम्तिमा पाँच वर्ष सम्म स्वयम्सेवी भई सेवा गर्न इच्छुक ।

(ग) न्युनतम २५ देखि ४५ वर्ष उमेर समुहको महिला ।

(घ) विवाहित महिलालाई ग्राह्यता दिइने ।

(ङ) सामाजिक सेवा गर्न इच्छुक ।

(च) कम्तिमा आधारभूत (८ पास) शिक्षा पास गरेको ।

(छ) वैतनिक पदमा वहाल नरहेको ।

(ज) राजनैतिक पदमा वहाल नरहेको वा जनप्रतिनिधि नभएको ।

(झ) सिमान्तकृत, लोपोन्मुख तथा पिछडिएको वर्गको महिलालाई प्राथमिकता दिइने ।

## ५. पद रिक्त रहने अवस्था

- निजले पदबाट राजिनामा दिएमा ।
- मृत्यु भएमा ।

- शारीरिक तथा मानसिक रुपमा अशक्त भएमा ।
- अन्यत्र बसाई सरी गरी गएमा ।
- वैतनिक पदमा वहाल रहेमा, राजनैतिक पदमा वहाल रहेमा, जनप्रतिनिधी रहेमा ।
- विना सूचना लगातार तिन पटक सम्म आमा समूहको वैठक नराखेमा वा अनुपस्थित भएमा ।

**६. निवृत्त कोष सम्बन्धमा ।**

(१) गाउँपालिका बाट यस कोषमा वार्षिक रुपमा रू.१००००० अक्षरूपी (एक लाख मात्र) जम्मा गरिने छ ।

(२) उमेर पुगी अनिवार्य अवकास भएका र कम्तिमा ५ वर्ष सम्म स्वयम् सेविका भई काम गरेकालाई उक्त निवृत्त कोषबाट कदरपत्र सहित रू.२०००० अक्षरुपी (बीस हजार मात्र) आर्थिक सहयोग प्रदान गरिनेछ ।

**७. गाउँपालिकाको भूमिका र काम**

(१) महिला स्वास्थ्य स्वयम् सेविकाको व्यक्तिगत विवरण अद्यावधिक तथा नवीकरण गर्ने ।

(२) कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अध्यक्षको सिफारिसमा निवृत्त कोष भुक्तानीको सिफारिस गर्ने ।

(३) सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई आवश्यकता अनुसार तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

(४) स्वाथ्य शाखा प्रमुखको मातहतमा स्वयम् सेविकालाई परिचालन गर्ने र उनीहरुको कामको अनुगमन गर्ने ।

(५) कोषको उचित परिचालन गर्ने, लेखा विवरण अद्यावधिक गर्ने ।

**८. अन्य छुट विषय सम्बन्धी :** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा रौतामाई गाउँपालिका कार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

**९. संशोधन तथा खारेजी :** रौतामाई गाउँपालिका कार्यपालिकाले यस कार्यविधिमा संशोधन तथा खारेजी गर्नेछ ।

आज्ञाले

**जनक बस्नेत**

प्रमुख प्रशासकीय अधिकृत